गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या : ०८१/०८२

चलानी नं.:

प्रथम पटक प्रकाशित मिति:२०८१/०५/२८

विषयः सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालयवाट चालु आ.ब. २०८१।०८२ मा तपशिल वमोजिमका स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरुवाट सञ्चालन हुने शिक्षा,भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्वयन मापदण्ड ,२०८१ बमोजिम मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित मिति २०८१।६ ।२१ गते भित्र यस मन्त्रालयमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र स | कार्यक्रम | प्रस्तव पेश गर्न पाउने संस्था |
|---|---|---|
| १ | अनुसन्धान सहायता (विज्ञान प्रविधि बाहेक) | स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययन गर्ने गण्डकी प्रदेशमा स्थायी ठेगाना भएका विद्यार्थीहरु,गण्डकी प्रदेशमा सञ्चालित शिक्षण संस्थामा कार्यरत (उच्च शिक्षामा अध्यापन गर्ने) जनशक्तिहरु |
| २ | सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत) | प्रचलित कानून वमोजिम दर्ता भएका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरु र प्रचलित कानून वमोजिम दर्ता भई पुस्तकालय स्थापना एवम् सञ्चालन गर्ने उदेश्य भई विगत २ वर्षदेखि पुस्तकालय सेवा प्रवाह गरेको संस्था |
| ३ | स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता | गण्डकी प्रदेश अन्तरगतका सामुदायिक सिकाइ केन्द्रहरु |
| ४ | विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरुको व्यवस्थापन सुधार | विशेष विद्यालयहरु, स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरु र औपचारिक शिक्षाको अवसर नपाएका वालवालिका ,युवा र पौढहरुका लागि सञ्चालित विद्यालयहरु |
| ५ | गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम (मागमा आधारित) | प्रचलित कानून वमोजिम दर्ता भएका गण्डकी प्रदेशको संस्कृति संरक्षणसँग सम्वन्धित कार्यक्रम (कार्यान्वयन मापदण्ड २०८१।०८२) सञ्चालन |

phone no. 061-467914 E-mail- mosdgedu@gmail.com

उप सचिव

| | | |
|---|---|---|
| | | गर्न इच्छुक संघ संस्था,समुह,कल्व,निकाय, समिति आदि |
| ६ | सामुदायिक क्याम्पसहरुलाई क्षमता तथा कार्य सम्पादनका आधारमा अनुदान | गण्डकी प्रदेश अन्तरगतका सामुदायिक क्याम्पसहरु |

यस सम्बन्धी थप जानकारी,प्रस्तावनाको ढाँचा र प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरु तथा मुल्याङ्कनका आधारहरु सामजिक विकास,युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखराको वेभसाइट mosd.gandaki.gov.np मा रखिएको "सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरुवाट सञ्चालन हुने शिक्षा भाषा संस्कृति र पुरातत्व संरक्षण सम्वन्धी स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्यन मापदण्ड,२०८१" वाट प्राप्त गर्न सकिनेछ। मापदण्डमा तोकिए वमोजिम कागजात पूरा नभएका फाइलहरु प्रस्ताव मुल्याङ्कन प्रक्रियामा समावेस गरिने छैन्। मापदण्डमा तोकिएका कागजातका साथै कार्यक्रम अनुसार निम्न कागजातहरु पेश गर्नु पर्नेछ।

**१. कार्यक्रमको नामः अनुसन्धान सहायता (विज्ञान प्रविधि बाहेक)**

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु**

**क) विद्यार्थीले पेश गर्नुपर्ने**

१. लागत अनुमान सहितको अनुसुची २ वमोजिमको ढाँचामा प्रस्ताव

२ अनुसन्धानको कार्ययोजना

३ सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत प्रस्तावना पत्र वा सिफारिस पत्र

४ स्नातकोत्तर तहको अन्तिम वर्षमा भर्ना भई नियमित अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र

५ गण्डकी प्रदेशमा स्थायी ठेगाना भएको विद्यार्थी

६ नागरिकता र परिचय पत्रको प्रतिलिपि

**ख शिक्षण संस्थामा ( उच्च शिक्षा) कार्यरत जनशक्तिले पेश गर्नुपर्नेः**

१. लागत अनुमान सहितको अनुसुची २ वमोजिमको ढाँचामा प्रस्ताव
२. अनुसन्धानको कार्ययोजना
३. सम्बन्धित शिक्षण संस्थामा अध्यापनरत रहेको र उक्त अनुसन्धान शीर्षकमा बिगत ५ वर्ष यता उक्त शिक्षण संस्थाका विद्यार्थी एवम् अध्यापकहरुबाट अनुसन्धान नभएको सम्बन्धमा प्रष्ट खुलाईएको सिफारिस पत्र
४. नागरिकता र परिचय पत्रको प्रतिलिपी
५. गण्डकी प्रदेश अन्तरगतका शिक्षण संस्थामा कार्यरत

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरा, नेपाल

**उप सचिव**

२. कार्यक्रमको नामः सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत)

प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः

- संस्था दर्ता, पुस्तकालय व्यवस्थापन समितिको कार्यक्रम माग निर्णय र अनुसुची ४ वमोजिको ढाँचामा प्रस्ताव पत्र
- अनुसुची ५ वमोजिमको ढाँचामा पुस्तकालय तथ्यङ्क फारम
- लागत अनुमान र कार्ययोजना
- पुस्तकालय व्यवस्थापन समितिका निर्णयहरु
- सम्वन्धित स्थानीय तहको सिफारिस
- स्थानीय तह तथा कुनै निकायसँग साझेदारी हुने भएमा रकमको प्रतिवद्धता पत्र

३. कार्यक्रमको नामः स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता

प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः

- अनुसुची ७ वमोजिमको ढाँचामा प्रस्ताव पत्र
- वार्षिक कार्ययोजना एवम् साक्षरता कार्यक्रम सञ्चालनको कार्ययोजना
- वार्षिक प्रगति प्रतिवेदन
- नवसाक्षरहरुको नामावली विवरण
- क्षेत्रगत रुपमा कार्यक्रम सञ्चालन गरेको भए सोको विवरण खुल्ने कागजात
- व्यवस्थापन समिति गठन र बैठक निरन्तरता खुल्ने कागजातहरु
- स्थानीय स्रोतको परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने गरेको भए सोको विवरण
- विभिन्न निकायहरुसँग समन्वय र वैठक पुस्तिकाको फोटोकपि
- पेशागत समुह गठन/आयआर्जन समुह गठन र परिचालन सम्बन्धी विवरण
- साधारण सभाको निरन्तरता र नविकरण सम्बन्धी कागजातहरु
- लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
- पुस्तकालय स्थापना र प्रयोगको अवस्था झल्कने कागजात एवम् फोटोहरु
- सामुदायिक सिकाइ केन्द्रको प्रोफाइल
- कक्षा सञ्चालन स्थल निर्धारणका लागि सम्बन्धित स्थानीय तहको शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाको अधिकृत/प्रतिनिधि, सामुदायिक सिकाइ केन्द्र व्ययवस्थापन समितिको अध्यक्ष र परिचालकको बैठकवाट गरेको निर्णय प्रतिलिपि
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

उप सचिव

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरा, नेपाल

४. कार्यक्रमको नामः विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरुको व्यवस्थापन सुधार

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

क) अनुसूची-९ को ढाँचामा प्रस्तावपत्र

ख) कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय

ग) कार्यक्रममा दोहोरोपन नपरेको सम्बन्धमा स्व:घोषणा

घ) कार्यक्रमका लागि स्थानीय तहको सिफारिस

ङ) शैक्षिक सत्र २०८१ को प्रमाणित विद्यार्थी विवरण

च) प्रस्ताव गरिएको कार्यक्रमका लागि अन्य निकायवाट वजेट दोहोरो नपरेको स्व घोषणा

५.कार्यक्रमको नामः गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम (मागमा आधारित)

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

अनुसूची ११ बमोजिमको ढाँचामा प्रस्ताव र कार्यक्रमको लागत अनुमान ।

प्रस्ताव पेश गर्ने संस्थासञ्चालक समितिको कार्यक्रम माग गर्ने निर्णय/व्यवस्थापन क्लव/समिति/समूह/संस्था दर्ता र नविकरण

सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

( यस कार्यक्रमका लागि सूचना प्रकाशन अगावै प्राप्त प्रस्तावहरु पनि कार्यक्रममा समावेश गरिने छ)

६.कार्यक्रमको नामः सामुदायिक क्याम्पसहरुलाई क्षमता तथा कार्य सम्पादनका आधारमा अनुदान

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

- सामुदायिक क्याम्पस व्यवस्थापन समितिको कार्यक्रम माग निर्णय
- अनुसूची १४ बमोजिमको ढाँचामा प्रस्ताव

स्थानीय तहको सिफारिस पत्र

सञ्चालनको अनुमती पत्र

- निर्माण कार्यको हकमा मात्र लागत अनुमान प्राविधिकको) इस्टिमेट
- अनुसूचि अनुसारको विवरण

उप सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल